# राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राष्ट्रिय मानव अधिकार आयोग (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १२ मा संशोधनः राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ (यसपछि "मूल ऐन" भनिएको) को दफा १२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम छानबिन तथा अनुसन्धान गर्दा आयोग, अनुसन्धान टोली वा अनुसन्धान अधिकृतले **कुनै प्रमाण** बुझ्न उचित र आवश्यक सम्झेमा बुझ्न सक्नेछ ।"

३. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम उजूरी खारेज गर्ने वा तामेलीमा राख्ने निर्णय गर्नुपूर्व राय सहितको प्रतिवेदन पेश गर्न आयोगले कुनै सदस्यलाई तोक्न सक्नेछ ।"

४. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः

"(३क) आयोगले उपदफा (३) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिका अतिरिक्त पीडित व्यक्तिलाई पुनः उद्दार वा पुर्नस्थापना गर्न वा पीडित वा पीडितको परिवारलाई मापदण्ड बनाई आवश्यकता अनुसार देहायका मध्ये कुनै एक वा सोभन्दा बढी सुविधा उपलब्ध गराउनको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछः-

(क) निःशुल्क शिक्षा तथा स्वास्थ्योपचार,

(ख) सीपमूलक तालीम,

(ग) मनोसामाजिक परामर्श ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "परिवार" भन्नाले पीडितको पति, पत्नी, आश्रित छोरा, छोरी, बाबु, आमा सम्झनु पर्छ ।"

५. मूल ऐनमा दफा १७क. थपः मूल ऐनको दफा १७ पछि देहायको दफा १७क. थपिएको छः-

"१७क. मुद्दा दायर गर्न सिफारिस गर्नेः (१) आयोगले गरेको छानबिन तथा अनुसन्धानबाट कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा चलाउनु पर्ने देखिएमा सम्बन्धित घटनाको अनुसन्धान प्रतिवेदन र मुद्दा चलाउनको लागि आवश्यक पर्ने पर्याप्त प्रमाण सहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भएपछि महान्यायाधिवक्ताले अनुसन्धान प्रतिवेदनसहितको प्राप्त प्रमाण अध्ययन गरी मुद्दा चलाउनु पर्ने देखिएमा मुद्दा चलाउने निर्णय गर्नेछ ।

(३) महान्यायाधिवक्ताले उपदफा (२) बमोजिम मुद्दा चलाउने निर्णय गर्नु अघि थप अनुसन्धान वा प्रमाण सङ्कलन गर्न आवश्यक देखिएमा सो को लागि आयोगलाई अनुरोध गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुरोध भएमा आयोगले थप अनुसन्धान वा प्रमाण सङ्कलन गरी पठाउनु पर्नेछ र यसरी गरिएको थप अनुसन्धान वा प्राप्त थप प्रमाण मुद्दा चलाउनको लागि पर्याप्त भएमा महान्यायाधिवक्ताले उपदफा (२) बमोजिम मुद्दा चलाउने निर्णय गर्नेछ ।

(५) उपदफा (२) वा (४) बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित अदालतमा मुद्दा दायर गर्नेछ ।"

६· <u>मूल ऐनमा दफा १८क. थपः</u> मूल ऐनमा दफा १८ पछि देहायको दफा १८क. थपिएको छः-

"१८क. <u>बजेट व्यवस्थापनः</u> (१) सङ्घीय सञ्चित कोषबाट आयोगको लागि विनियोजित बजेट आयोगले प्रचलित आर्थिक प्रशासनसँग सम्बन्धित कानून बमोजिम खर्च गर्नेछ ।

(२) आयोगले मानव अधिकार सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि नियमित बजेट शीर्षकबाट विनियोजित रकमका अतिरिक्त नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई छुट्टै वित्तीय स्रोत जुटाउन वा सहायता प्राप्त गर्न सक्नेछ । यसरी प्राप्त सहायता रकम वार्षिक व्यय अनुमानको विवरणमा समावेश गरी खर्च गर्नु पर्नेछ ।

(३) आयोगले यस दफा बमोजिम निर्णय गर्दा थप आर्थिक दायित्व पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।"

७. <u>मूल ऐनको दफा २६ मा संशोधनः</u> मूल ऐनको दफा २६ को उपदफा (२) झिकिएको छ।